## शिक्षकसँगको साझेदारीमा प्रविधिमैत्री शिक्षाको लागि एक शिक्षक एक ल्यापटप कार्यविधि, २०७७

प्रस्तावना

रुपा गाउँपालिकालाई शैक्षिक हबको रुपमा विकास गर्ने नीति अनुरुप एक्काइसौं शताब्दीको शिक्षाको आधार प्रविधिपूर्ण शिक्षाको उपहार भन्ने नाराका साथ शिक्षकहरुसँगको लागत साझेदारीमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने अभिप्रायले रुपा गाउँपालिकाको आ व २०७७।०७८ को बजेट मार्फत् आधुनिक प्रविधिको विकास गर्न खोजिएको हो । हालको विषम परिस्थितिमा वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ सहजीकरणका लागि शिक्षकहरुलाई प्रविधिपूर्ण बनाउन आवश्यक रहेको छ । एक्काइसौं शताब्दीको माग र आवश्यकतालाई सम्बोधन गरी शिक्षामा गुणात्मक उपलब्धि हासिल गर्ने उद्देश्यले रुपा गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरुसँगको साझेदारीमा प्रविधिमैत्री शिक्षाको लागि एक शिक्षक एक ल्यापटप कार्यविधि,२०७७ रुपा गाउँ कार्यपालिका बाट स्वीकृत भई जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम **शिक्षकसँगको साझेदारीमा प्रविधिमैत्री शिक्षाको लागि एक शिक्षक एक ल्यापटप कार्यविधि, २०७७** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**गाउँपालिका** भन्नाले रुपा गाउँपालिकालाई सम्झनु पर्छ ।

**विद्यालय** भन्नाले रुपा गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ ।

**व्यवस्थापन समिति** भन्नाले सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि नियमानुसार गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

**शिक्षक** भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गराउने बालविकास सहजकर्ता, शिक्षक (निजी स्रोत समेत) र प्रधानाध्यापक समेत सम्झनु पर्छ ।

**विद्यार्थी** भन्नाले रुपा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुलाई सम्झनु पर्छ ।

३. सूचना प्रकाशनः (१) शिक्षकहरुसँगको साझेदारीमा ल्यापटप खरिद गर्नका लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी शिक्षकहरुसँग तोकिएका कागजात सहित माग निवेदन आह्वान गरिने छ ।

(२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको वेवसाइटमा राखिने छ ।

(३) निवेदनको ढाँचा अनुसूची _ १ बमोजिम हुने छ ।

सन्तोष ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

४. ल्यापटप खरिदका शर्तहरुः  शिक्षकले साझेदारीमा ल्यापटप खरिदका लागि पालन गर्नुपर्ने शर्तहरु अनुसूची २ बमोजिम हुनेछन् ।

५. निवेदन छनौट र स्वीकृतिः (१) प्राप्त हुन आएका निवेदनहरुको छनौट गर्न गाउँपालिकामा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहने छ ।

क) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख _ संयोजक

ख) आर्थिक प्रशासन शाखाको अधिकृत _ सदस्य

ग) गाउँपालिकाको माध्यमिक विद्यालयको शिक्षक प्रतिनिधि _ सदस्य

छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सक्ने छ ।

१.उपदफा (१) बमोजिमका निवेदनहरुको छनौट तथा मूल्याङ्कनका मापदण्डहरु अनुसूची ३ बमोजिम हुने छन् ।

२. प्राप्त भएका निवेदनहरु छनौट गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने छ ।

३. उपदफा (२) बमोजिम स्वीकृत भएका शिक्षकहरुको सूची गाउँपालिकाको वेवसाइट मार्फत् सार्वजनिक गरिने छ ।

६. ल्यापटपको गुणस्तरः ल्यापटपको गुणस्तर तथा मापदण्ड अनुसूची ४ बमोजिम हुनेछ ।

७. अनुदान रकम सम्बन्धमाः साझेदारी वापतको रकम छनौट भएको गुणस्तर तथा मापदण्डका आधारमा विद्यालयले शिक्षण सिकाइ सहजीकरणमा प्रयोग भएको भन्ने पत्र तथा भ्याटमा दर्ता भएको विलका आधारमा प्रति शिक्षक १५ हजारका दरले विद्यालयको खातामा निकाशा गरिने छ ।

८. कार्यक्रम अनुगमन प्रतिवेदनः कार्यक्रमको अनुगमन शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुने छ ।

९. बाधा अड्काउ फुकाउने अधिकारः  यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा रुपा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

१०. संशोधन तथा हेरफेरः यस कार्यविधिमा संशोधन एवम् हेरफेर गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...पाटोट, कास्की
गण्डकी प्रदेश, नेपाल

... ढुंगाना
... प्रशासकीय अधिकृत

अनुसूची १

दफा ३ (३) सँग सम्बन्धित

निवेदनको ढाँचा

मितिः

श्रीमान् शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखज्यू,
रुपा गाउँपालिका, कास्की ।

विषयः साझेदारीमा ल्यापटप खरिद सम्बन्धमा ।

प्रस्तुत विषयमा रुपा गाउँपालिकाको स्वीकृत शिक्षकसँगको साझेदारीमा प्रविधिमैत्री शिक्षाको लागि एक शिक्षक एक ल्यापटप कार्यविधि, २०७७ बमोजिम ल्यापटप खरिद गरी विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइ सहजीकरणमा टेवा पुग्ने गरी उपयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै सो अनुसारको ल्यापटप खरिद गर्न इच्छुक भएकाले तोकिएका कागजातहरु सहित यो निवेदन पेश गरेको छु ।

निवेदक शिक्षकको हस्ताक्षर

निवेदक शिक्षकको व्यक्तिगत विवरण

नाम, थरः सङ्केत नम्बरः

नागरिक लगानी कोष नम्बरः बिमालेख नम्बरः

स्थायी ठेगानाः प्रदेशः जिल्लाः स्थानीय तहः वडाः

बाबुको नामः आमाको नामः

मोबाईल नम्बरः

शिक्षकको नियुक्ति मितिः अनिवार्य अवककाश हुने मितिः

नियुक्ति लिएको तह र श्रेणीः

नियुक्तिको प्रकारः स्थायी अस्थायी करार राहत निजी

विद्यालयको विवरणः

विद्यालयको नामः विद्यालयको IEMIS कोडः

ठेगानाः सम्पर्क नम्बरः

संलग्न गर्नुपर्ने कागजातहरुः

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि

(३) विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपि

(४) विद्यालयको सिफारिस पत्र

अनुसूची २

दफा ४ सँग सम्बन्धित

ल्यापटप खरिदका शर्तहरु

रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुपाकोट कास्की गण्डकी प्रदेश नेपाल

सन्तोष ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

१. लाभग्राही शिक्षक रुपा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्यापनरत हुनुपर्ने छ ।

२. खरिद गरेको ल्यापटप अनिवार्य रुपमा शिक्षण सिकाइ सहजीकरण कार्यमा प्रयोग तथा उपयोग भएको हुनुपर्ने छ ।

३. शिक्षकले साझेदारीमा ल्यापटप खरिद गरेको मितिले कम्तीमा २ वर्ष भित्रमा सरुवा भई अन्य पालिका वा जिल्लामा गएमा वा स्वेच्छिक वा अनिवार्य अवकाश भएमा साझेदारी बापतको रकम विद्यालयमा फिर्ता गरी सो को बैङ्क भौचर सहितको जानकारी गाउँपालिकामा दिनु पर्ने छ ।

४. ल्यापटप मरमतका लागि सम्बद्ध शिक्षक नै जिम्मेवार हुनेछ ।

अनुसूची ३

दफा ६ सँग सम्बन्धित

निवेदन छनौट तथा मूल्याङ्कनका मापदण्ड

१. तोकिएका कागजपत्रहरु (शिक्षकको निवेदन, विव्यस निर्णय तथा विद्यालयको सिफारिस) उपलब्ध भए नभएको ।

२. उपलब्ध बजेट र माग निवेदन बमोजिम बजेटको पर्याप्तता ।

३. माग निवेदन बढी हुन आएमा विद्यालयगत संख्या निर्धारण गर्ने ।

अनुसूची ४

दफा ५ (१) सँग सम्बन्धित

ल्यापटपको गुणस्तर तथा मापदण्ड

## Technical Specification for Laptop Computer

## Option 1

- **Display:** 15.6-inch
- **Resolution:** FHD (1920 x 1080 pixels)
- **CPU:** 10th Gen  i3 Processor
- **GPU:** UHD Graphics

- **RAM:** 4GB DDR4 or Higher
- **Storage:** 500 GB/1TB or 256GB SSD or Higher
- **Webcam:** HD webcam with digital microphone
- **Audio:** speakers with Waves Maxx Audio
- **Ports:** USB, HDMI, RJ45, microSD card reader, power
- **Connectivity:** Wi-Fi, Bluetooth
- **O/S:** Windows 10
- **Warranty:** one Year or above in Parts and Service.

## Option 2

- **Display:** 14-inch
- **Resolution:** FHD (1920 x 1080 pixels)
- **CPU:** 10th Gen i3 processor
- **GPU:** UHD Graphics
- **RAM:** 4GB DDR4
- **Storage:** 500 GB/1TB HDD or 256GB SSD or Higher
- **Webcam:** HD webcam with digital microphone
- **Audio:** Dual stereo speakers
- **Ports:** USB, HDMI, RJ45, microSD card reader, power
- **Connectivity:** Wi-Fi, Bluetooth
- **O/S:** Windows 10
- **Warranty:** one Year or above in Parts and Service.

## Option 3

- **Display:** 14-inch Anti-Glare screen or Higher
- **Resolution:** FHD (1920 x 1080 pixels) or Higher
- **CPU:** 10th gen i3 processor or Higher

सन्तोष ढुंगाना
प्रशासकीय अधिकृत

- **GPU:** HD Graphics
- **RAM:** 4GB DDR4 or Higher
- **Storage:** 128GB SDD or Higher
- **Webcam:** HD webcam with single digital microphone
- **Audio:** 2W stereo speakers, Combo Audio Jack
- **Ports:** With USB Port, HDMI Port, microSD card reader, power Port
- **Connectivity:** Wi-Fi, Bluetooth
- **O/S:** Windows 10
- **Warranty:** one Year or above in Parts and Service.

## Option 4

- **Display:** 15.6-inch Anti-Glare screen
- **Resolution:** HD (1366 x 768 pixels)
- **CPU:** 10th gen i5 processor or Higher
- **GPU:** UHD Graphics
- **RAM:** 4GB DDR4 or Higher
- **Storage:** 500 GB/1TB HDD or 256GB SSD or Higher
- **Webcam:** HD webcam with digital microphone
- **Audio:** stereo speakers with Waves MaxxAudio, Combo Audio Jack
- **Ports:** USB, RJ45, HDMI, power
- **Battery:** minimum 3 cell or Similar
- **Connectivity:** Wi-Fi, Bluetooth
- **O/S:** Windows 10
- **Warranty:** one Year or above in Parts and Service.

सन्तोष ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत